**मध्यविन्दु नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**
**गण्डकी प्रदेश,नेपाल**

**विषयः विज्ञापन करको शिलबन्दी दरभाउपत्र सम्बन्धी बढाबढ सूचना।**
प्रथम पटक सूचना प्रकाशित मिति २०८०/१०/०८

यस नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्ती) गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकीएको न्यूनतम अंकमा नघट्ने गरी निम्न लिखित शर्तहरुको अधिनमा रहि ठेक्का नम्बर अनुसारको सिलबन्दी फारम खरिद गरी रितपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्न १५ (पन्ध्र) दिने यो सूचना प्रकाशित गरिएको छ।

__तपसिल__

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम अंक रु. (भ्याट बाहेक) | ठेक्का अवधी | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | ३/२०८०/०८१ | मध्यविन्दु नगरपालिका क्षेत्र भित्र विज्ञापन कर संकलन कार्य | २,६०,०००/- | सम्झौता अवधी देखि २०८२ असार मसान्त सम्म | १०००/- |

**शर्तहरुः-**

१) शिलबन्दी दरभाउ पत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मिति २०८०/१०/०८ गते देखी १५ दिन (मिति २०८०/१०/२२) गते कार्यालय समय भित्र गत आर्थिक वर्षका लागि नविकरण भएको ईजाजत पत्र, आयकर तथा मु.अ.कर. दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ माथि उल्लिखीत दस्तुर (पछी फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व शाखामा जम्मा गरी शिलबन्दी दरभाउपत्र खरिद शाखाबाट खरिद गर्न सकिने छ।

२) दरभाउ पत्र मिति २०८०/१०/२३ गते मध्यान्ह १२:०० बजे भित्र यस कार्यालय दर्ता गर्नुपर्नेछ। दरभाउ पत्र दाखिला गर्दा शिलबन्दी गरी कार्यालयको नाम, ठेगाना, ठेक्का नम्बर र कामको विवरण तथा दरभाउपत्रवालाको नाम ठेगाना स्पष्ट रुपमा खाम बाहिर उल्लेख गर्नुपर्ने छ। शिलबन्दी खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनीक विदा परेमा कार्यालय खुलेको पहिलो दिन सोही समयमा हुनेछ।

३) शिलबन्दी साथ आफुले कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको नेपाल बैंक लि. चोरमारा शाखामा धरौटी खाता नं. ३१८०३०००००३००१००००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्ने छ।

४) म्याद भित्र दर्ता भएका शिलबन्दी दरभाउपत्रहरु दर्ता भएको अन्तिम दिनको २:०० बजे पछि कार्यालयका प्रतिनिधि वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ। म्याद नाघी आएको, कार्यालयबाट विक्री नभएको शिलबन्दी दरभाउपत्र वालाको दस्तखत एवं छाप नभएको र प्रचलित कानुनको रित नपुगेको र शर्त राखी पेश भएको शिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन। दरभाउपत्रवालाको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

५) शिलबन्दी दरभाउपत्र स्वीकृत भएको सूचना प्राप्त भएको मितिले बाटो म्याद बाहेक ७ दिन भित्र आफुले कवोल गरेको अंकको एकमुष्ट रकम राजश्व शाखामा नगदै वा यस कार्यालयको नाममा नेपाल बैंक लि. चोरमारा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३१८०३००००००१००१००००००१ मा जम्मा गरी सक्कल बैंक भौचर पेश गरी ठेक्का सम्झौता गर्न आउनु पर्नेछ।

६) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बांकी रहेको व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेस्की/ बेरुजु बांकी हुनेले फर्छ्यौट नगरे सम्म शिलबन्दी दरभाउपत्र खरिद गर्न पाउने छैन।

७) कुनै कारणवस दर्ता भएको शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

८) यस सूचना र दरभाउ पत्रमा उल्लेख भएको कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ। साथै संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिकाबाट समय समयमा गरिएको निर्देशनहरुको शिलबन्दी दरभाउपत्रवालाले पालना गर्नु पर्नेछ।

९) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत
मध्यविन्दु नगरपालिका